## Ⅵ-2 चाइल्डकेयर

### 1. जापानी चाइल्डकेयर

जापानमा स्थानीय सरकारबाट मान्यता प्राप्त ①बच्चा हेरचाह केन्द्रहरु, बच्चाका अभिभावकहरु दुवै कामले गर्दा बच्चा हुर्काउन नसक्ने अवस्था मा शिशुहरू राखिने ②चाइल्डकेयर, जुन इजाजतपत्र प्राप्त गरिएको हुदैन तर स्वेच्छाले सञ्चालन हुन्छन्, र ③निजि कम्पनीले दिने चाइल्डकेयर सर्बिस गरि तिन प्रकारका चाइल्डकेयर सर्बिसहरु हुन्छन।

लाइसेन्स प्राप्त गरिएको चाइल्डकेयर मा सरकारी र निजिगरि दुइ प्रकारका हरु हुन्छन। सामान्यतया बिहान छिट्टै, साझ ढिला सम्म, रातभरि र आइतबार र सार्बजनिक बिदा मा राख्न मिल्ने चाइल्डकेयर त्यति हुदैनन् ।

सामान्यतया चाइल्डकेयरको निबेदन दिदा आफु बस्ने नगरपालिका मार्फत आफ्नो नगरपालिका क्षेत्र भित्र रहेका चाइल्डकेयरको लागी दिइन्छ। निबेदन दिने तरिका, समय, लाग्ने शुल्क आदिको बारेमा नगरपालिकामा रहेको चाइल्डकेयर इन्चार्ज संग बिस्तृत रुपमा बुझ्नु होला।

पढाइ र चाईल्डकेयर दुवै दिने मान्यता प्राप्त चाईल्डकेयर हरु पनि हुन्छन। बच्चाको दुवै अबिभाबक काम गर्ने भएपनि नभएपनि एस्तो चाईल्डकेयरमा राख्न सकिन्छ। 0 वर्षको बच्चा देखि स्कुल नजाने बच्चा सम्म एस्तो चाईल्डकेयरमा राख्न सकिन्छ। नगरपालिकामा कार्यलयमा चाइल्डकेयर इन्चार्ज संग बिस्तृत रुपमा बुझ्नु होला।

### 2. निजी सेवाहरू

निजि सस्थाले संचालन गर्ने चाइल्डकेयर पनि विभिन्न प्रकारका हुन्छन। जस्तै बच्चाहरु भएका अबिभाबकले चलाउने चाइल्डकेयर , निजि कम्पनीले चलाउने चाइल्डकेयर आदि हुन्छन। बेलुकाको समय को लागि सर्बिस दिने चाइल्डकेयर , सार्बजनिक बिदाका दिनको लागि सर्बिस दिने चाइल्डकेयर, घर मा बेबी सिटर पठाउने चाइल्डकेयर कम्पनी आदि हुन्छन। आफुलाई चाहिने सर्बिसको आधारमा चाइल्डकेयर रोज्नु होला साथै चाइल्डकेयर कम्पनी बाट पाउने सर्बिस , शुल्क आदिको बारेमा पनि संबन्धित कम्पनीलाई संपर्क गर्नु होला।

### 3. पारिवारिक सहायता केन्द्र

नगपालिकाहरुले पारिवारिक परामर्ष अनि सहायता दिने काम पनि गर्छन। सदस्य हरु ले एक अर्का लाई सहयोग गर्ने, चाइल्डकेयरमा बच्चा छोड्ने या पिक अप गर्ने, कुनै एक अबिभाबकलाई काम पर्दा अर्को अबिभाबकले हेर्ने आदि सहयोगका काम हुन्छन। बिस्तृत जानकारीको लागि आफु बस्ने नगरपालिकामा बुझ्नु होला (परिशिष्ट IX-1) ।

### 4. नि:शुल्क शिशु शिक्षा र चाईल्डकेयर

2019 साल 10 महिना बाट किन्डरगार्टन, नर्सरी स्कूल, सुइकृत प्राप्त किन्डरगार्टन हरु प्रयोग गर्ने 3 देखि 5 सालको बच्चाहरु, नागरिक कर को कर नलागेका परिवारका 0 साल देखि 2 वर्षको बच्चाहरुको शुल्क निशुल्क गरिएको छ। साथै किंडरगार्टनहरूको लागि अधिकतम मासिक शुल्क 25, 700 तोकिएको छ। ट्रान्सपोर्ट शुल्क, खाजा शुल्क लगाएत अरु शुल्कहरु चाही पहिले जस्तै तिर्नु पर्ने छ। बिस्तृत जानकारीको लागि आफु बस्ने नगरपालिकामा बुझ्नु होला (परिशिष्ट IX-1)।

### 5. बच्चाहरूको भत्ता प्रणाली

बच्चा भत्ता बच्चा जन्मे पछि र 15 बर्षको उमेर पुगेपछिको पहिलो मार्च महिना को 31 गते सम्म बच्चा हुर्काउने अबिभाबकलाई दिइने भत्ता हो। तथापी, यदि आए निश्चित लेबल भन्दा माथि छ हुने अबिभाबकलाई भने बच्चा

भत्ता नदिएर एक बच्चा बराबर 5,000 येन दिइने छ। बिस्तृत जानकारीको लागि आफु बस्ने नगरपालिकामा बुझ्नु होला (परिशिष्ट IX-1)।